लुम्बिनी प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका ( देउखुरी ) नेपाल

प.सं :- २०७८/७९

च.नं :-

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।१२।१४

**श्री कक्षा ११ र १२ सञ्चालन गरेका सामुदायिक विद्यालयहरु सवै (लुम्बिनी प्रदेश)**

**विषय : सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सुचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०७९।०८० को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका **सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित विद्यालयहरुले सूचना प्रवाह गरि विद्यार्थीहरुबाट यो सूचना जारी भएको मितिले ३० दिन भित्र निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र

२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि एस.इ.इ. को प्रमाणपत्रको प्रतिलिपि

३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस

४. आवेदक मुक्त कमैया वा कम्लहरी भएको सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/परिचयपत्र/सिफारिसपत्रको प्रमाणित प्रतिलिपि

५. मुस्लिम जातिभित्र सूचिकृत भएको सम्बन्धी सरकारी निकायबाट जारी प्रमाणपत्र/सिफारिस पत्र

६. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।

७. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र

८. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

यम बहादुर के.सी.
नि. निर्देशक

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सूचना प्रवाह गरि कार्यान्वयन गर्नु हुन तथा एक मुष्ट विवरण प्रमाणित गरि विद्युतीय Excel प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन।

सम्पर्क:

१. श्री सामाजिक विकास डिभिजन कार्यालय, बाँके, (बाँके र बर्दिया) - सम्पर्क नं ९८५८०८०२८१

२. श्री सामाजिक विकास डिभिजन कार्यालय, दाङ, (दाङ र रुकुम पूर्व) - सम्पर्क नं ९८५७८२५२४६

३. श्री सामाजिक विकास डिभिजन कार्यालय, प्यूठान, (प्यूठान र रोल्पा) -सम्पर्क नं ९८५७८६०१४३

४. श्री सामाजिक विकास डिभिजन कार्यालय, कपिलवस्तु, (कपिलस्तु र अर्घाखाँची) - सम्पर्क नं ९८५७०५००१३

५. श्री सामाजिक विकास डिभिजन कार्यालय, पाल्पा, तानसेन, (पाल्पा र गुल्मी) - सम्पर्क नं ९८५७०७७६२०

६. श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही, भैरहवा, (रुपन्देही र नवलपरासी पश्चिम) - सम्पर्क नं ९८५७०१७१८४